## नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममाउद्योग क्षेत्रसँग सम्वन्धित विषयहरु

| सि.नं. | बुँदा नं. | नीति तथा कार्यक्रममा समिटिएका विषयहरु | कैफियत |
|---|---|---|---|
| १ | १३८ | सरकारले उद्यमशीलता , रोजगारी र उत्पादन वृद्धि :हुन्छ नेपालको समृद्धिको नीति लिने । उपलब्ध स्रोत ,साधन,पुँजी,सीप एंव प्रविधिको अधिकतम उपयोगबाट औद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने गरी उद्योग क्षेत्रका कार्यक्रमहरु संचालन गर्ने । | |
| २ | १३९ | उच्च उत्पादकत्व भएका, देशलाई आत्मनिर्भर बनाउन योगदान पुर्याउने र निर्यातमूलक उद्योगहरुलाई संरक्षण र सहुलियत प्रदान गरिने । औद्योगिक ग्राम, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रहरुमा आवश्यक पूर्वाधारहरुको विकासका लागि सरकारी लगानी बढाइने । स्थानीय श्रम, सीप , स्रोत तथा साधन प्रयोग गरी एकीकृत रुपमा उद्योग व्यवसायको विकास गर्न ४५ स्थानीय तहहरुमा औद्योगिक ग्राम स्थापना गर्ने कार्य प्रारम्भ भइसकेको । स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा औद्योगिक ग्राम विस्तार गरिने । | |
| ३ | १४० | झापाको दमक, सर्लाहीको मूर्तिया , मकवानपुरको मयुरधाप , चितवनको शक्तिखोर, रुपन्देहीको मोतीपुर, बाँकेको नौबस्ता, कैलालीको लम्की र कंचनपुरको दैजीमा औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधार तयार गरिने ।दुबै छिमेकी मित्रराष्ट्रहरुको सहकार्यमा अन्तरदेशीय आर्थिक क्षेत्र स्थापनाको कार्य अगाडि बढाइने । | |
| ४ | १४१ | सरकारी स्वामित्वमा रहेका बन्द तथा रुग्ण उद्योग एंव संस्थानहरुलाई निजी क्षेत्रसमेतको सहभागितामा उपयुक्त व्यवस्थापन , विधि र प्रक्रियाबाट अधिकतम क्षमतामा पुन:संचालन गरिने । | |
| ५ | १४२ | खाद्य, कृषि तथा वनजन्य वस्तुहरुको प्रशोधन, जनजीवनलाई सुचारु गर्न नभई नहुने वस्तु , औषधी र स्वास्थ्य सामग्री एवं स्वदेशी कच्चापदार्थ प्रयोग गरी उत्पादन गर्ने उद्योगहरुको स्थापना र विस्तारका लागि विशेष प्रोत्साहन गरिने । | |

| सि.नं. | बुँदा नं. | नीति तथा कार्यक्रममा समिटिएका विषयहरु | कैफियत |
|---|---|---|---|
| ६ | १४४ | प्रदेश र स्थानीय तहसँगको समन्वयमा स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु , साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गर्न अभिप्रेरित गरिने । | |
| ७ | १४५ | एकल बिन्दु सेवा केन्द्रले स्वदेशी तथा विदेशी लगानीकर्तालाई आवश्यक सबै सेवाहरु एकै थलोबाट उपलब्ध गराउन शुरु गरेको । यस केन्द्रलाई आवश्यक अधिकार उपलब्ध गराइने । यस केन्द्रको कार्यप्रणालीलाई पूर्णत: सूचना प्रविधिमा आधारित गराइने । | |
| ८ | १४८ | सरकारले देशभित्र रहेका खानी स्थलहरुको अध्ययन र अन्वेषण कार्य अघि बढाएको । नवलपरासी बर्दघाट सूस्तापूर्व मा धौबादी फलाम उत्पादनका लागि फलामको परीक्षण कार्य सम्पन्न भएको । आगामी आ.व.मा आवश्यक पूर्वाधार निर्माण तथा मेसिनरी जडान गरी धौबादी फलाम कम्पनीबाट उत्पादन शुरु गरिने । | |
| ९ | १४९ | दैलेख लगायत दश स्थानमा पेट्रोलियम अन्वेषण कार्य प्रारम्भ भएको । आगामी वर्ष दैलेखमा पेट्रोलियम तथा बैतडी र बझाङमा फस्फोराइटको अन्वेषण कार्य सम्पन्न गरीने ।बहुमूल्य , किमती र अर्ध किमती पत्थर प्रशोधन गरी निर्यात गर्न प्रोत्साहन गरिने ।वातावरणीय क्षति नहुने गरी खानीजन्य निर्माण सामग्री उत्पादन गर्ने उद्योग संचालनमा ल्याइने । | |